# स्थानीय राजपत्र

हरिनास गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ७  चित्रेभञ्ज्याङ, स्याङ्गजा, फाल्गुन ११ गते, २०८० संख्या : १


## भाग १

**स्थानीय सरकार**

**हरिनास गाउँपालिका**

**चित्रेभञ्ज्याङ्ग, स्याङ्गजा गण्डकी प्रदेश, नेपाल**

**हरिनास गाउँपालिका गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको हरिनास गाउँपालिकाको जलश्रोतको उपयोग तथा व्यवस्थापन सम्बन्धी ऐन, २०८० सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# जलश्रोतको उपयोग तथा व्यवस्थापन सम्बन्धी ऐन, २०८०

**प्रस्तावना :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आफ्नो तह भित्रका बासिन्दालाई स्वच्छ खानेपानीको व्यवस्थापन मिलाउने सम्बन्धि गाउँपालिकाको काम, कर्तव्य रहेको कुरा उल्लेख गरेको छ । ऐनको उक्त व्यवस्थालाई कार्यान्वयन गर्ने गरी हरिनास गाउँपालिका क्षेत्रभित्र स्वच्छ खानेपानी पहुँच सबै गाउँबासीहरुमा पुऱ्याउने गरी खानेपानी व्यवस्थापन गर्न खानेपानी तथा सरसफाइ उपभोक्ता

समितिहरुको स्थापना तथा दर्ता गर्न र जलश्रोतको उचित उपयोगका लागि नियमन गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) बमोजिम हरिनास गाउँपालिकाको दोस्रो गाउँ सभाको चौधौ अधिवेशनवाट यो ऐन बनाईएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

१. यस ऐनको नाम जलश्रोतको उपयोग तथा व्यवस्थापन सम्बन्धी ऐन, २०८० रहेको छ ।

२. यो ऐन हरिनास गाउँपालिका को दोस्रो गाउँसभाको चौधौ अधिवेशनबाट परित भई राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्ग नलागेमा यस ऐनमाः

क. कार्यपालिका भन्नाले हरिनास गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनुपर्छ ।

ख. गाउँपालिका भन्नाले हरिनास गाउँपालिकालाई सम्झनुपर्छ ।

ग. गाउँपालिका प्रमुख भन्नाले हरिनास गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

घ. वडा अध्यक्ष भन्नाले हरिनास गाउँपालिका को वडाहरुको वडा अध्यक्षलाई सम्झनुपर्छ ।

ङ. प्रमुख प्रशासकीय अधिकृत भन्नाले हरिनास गाउँपालिका को प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

च. समिति भन्नाले विधान अनुसार गठन भएको खानेपानी तथा सरसफाइ, सिंचाई उपभोक्ता समिति सम्झनुपर्छ ।

छ. खानेपानी भन्नाले स्वच्छ पिउने खानेपानी लाई सम्झनुपर्छ ।

ज. तोकिएको वा तोकिए बमोजिम भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिकामा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

**३. जलश्रोत उपयोग (उपभोक्ता) समिति तथा उपयोग गरिने पानीको मुल दर्ता गर्नुपर्नेः**

१. व्यक्तिगत वा सामुदायिक प्रयोगका लागि कुनैपनि श्रोतको पानी,

खानेपानी तथा सरसफाइ एवं अन्य घरेलु प्रयोग, सिंचाईको लागि प्रयोग गर्नु परेमा प्रयोजन खुलाई उपभोक्ता समिति तथा मुल दर्ता गरेर मात्र उपयोगमा ल्याउनु पर्नेछ । यस ऐन बमोजिम उपभोक्त समिति तथा मुल दर्ता नगरी कसैले पनि जलश्रोतको उपयोग गर्नु हुदैन ।

**४. जलश्रोत उपयोग (उपयोग) समिति दर्ता विधिः**

१. समिति दर्ता गर्न चाहने इच्छुक व्यक्तिले खानेपानीको मुलबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लाभ लिन सक्ने कम्तिमा ५ (पाँच) जना वा सो भन्दा बढी व्यक्तिहरुले समिति सम्बन्धि देहायका विवरण गाउँपालिका प्रमुख समक्ष निवेदन दिनु पर्नेछ ।

क. समितिको नामः

ख. समिति गठनको उद्देश्य

ग. समितिका सदस्यहरुको नाम, ठेगानाः

घ. समितिको कार्यालय रहने स्थानः

ङ. समिति सञ्चलानको विधि र प्रक्रिया, खाता सञ्चालनः

च. सेवा पुऱ्याएको/पुऱ्याउने टोल, वस्ती र घरधुरी संख्या तथा जनसंख्याः

२. उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि गाउँपालिका अध्यक्षको आदेशानुसार प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी प्राविधिकको राय समेत लिई समिति तथा मुल दर्ता गर्न उचित ठानेमा समितिको नाममा दर्ता हुनेछ ।

३. प्रमुख प्रशासकीय अधिकृतले कुनै समिति तथा मुल दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनुपर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैतिस दिन भित्र त्यस्तो निर्णय उपर गाउँपालिका अध्यक्ष समक्ष उजुर गर्न सक्नेछ ।

४. उपदफा (३) बमोजिमको उजुर प्राप्त भएपछि गाउँपालिका अध्यक्षले आवश्यक जाँचबुझ गरी त्यस्तो समिति तथा मुल दर्ता गर्न मनासिव ठहरिएमा सो समिति तथा मुल दर्ता गर्न प्रमुख प्रशासकीय अधिकृतले समिति तथा मुल दर्ता गरिदिनु पर्नेछ ।

५. यस दफा अन्तर्गत दिईने प्रमाण पत्रको ढाँचा अनुसूची १ बमोजिम हुनेछ । नविकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

६. दर्ता भएको समिति तथा मुल प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र नविकरण गर्नु पर्नेछ । दर्ता दस्तुर रु १००० ।- (एक हजार) नविकरण दस्तुर वार्षिक रु ५०० ।- (पाँच सय) तिर्नु पर्नेछ ।

७. सम्बन्धित उपभोक्तमा समितिबाट मुल दर्ताका लागि निवेदन दिएमा निम्न अनुसारको समितिले मुल दर्ता गर्न मिल्ने नमिल्ने सम्बन्धमा स्थलगत अध्ययन गरी स्पस्ट राय सहित प्रतिवेदन दिनुपर्नेछ ।

    १. संयोजक- गाउँपालिका अध्यक्ष
    २. सदस्य- सम्बन्धित वडाको अध्यक्ष
    ३. सदस्य-प्रमुख प्रशासकीय अधिकृत
    ४. सदस्य- वन तथा वातावरण समितिको संयोजक
    ५. सदस्य सचिव- गाउँपालिकाले तोकेको गाउँपालिकाको इन्जिनियर

**५. समिति संगठित मानिने:**

१. यस ऐन अन्तर्गत दर्ता भएको समिति अबिन्छिन्न उत्तराधिकारवाला स्वसासित र संगठित समिति हुनेछ । सो समितिको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

२. समितिले व्यक्ति सरह आफ्नो नामबाट उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुरी लाग्न सक्नेछ ।

३. समिति गठन गर्दा समावेशी प्रकृया अवलम्वन गरी ९ जना भन्दा बढी नहुने गरी, कम्तिमा १ जना महिला मुख्य पदमा तथा ३३ प्रतिशत महिला सदस्य सुनिश्चित गराइ गर्नु पर्नेछ ।

४. समितिको खाता सञ्चालन गर्दा बढीमा ३ जना सम्मको नाममा बैक खाता खोलि सञ्चालन गर्नुपर्ने छ ।

**६. संस्थाको सम्पति:**

१. समितिको सदस्य वा कार्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान विरुद्ब संस्थाको कुनै सम्पति दुरुपयोग गरेमा, कब्जा गरेमा

वा रोक्का राखेमा गाउँपालिकाले त्यस्तो सम्पति दुरुपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राख्नेबाट लिई समितिलाई फिर्ता बुझाईदिन सक्नेछ ।

२. उपदफा (१) बमोजिम सम्पति फिर्ता गर्ने गरी गाउँपालिकाले गरेको कारबाहीमा चित्त नबुझने व्यक्तिले सम्बन्धित अदालतमा उजुर गर्न सक्नेछ ।

३. समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिको कुनै सम्पति वा प्रतिष्ठा विरुद्ब कुनै अपराध वा विराम गरेमा समिति वा समितिको कुनै सदस्य उपर प्रचलित कानुन बमोजिम गाउँपालिकाले कारबाही चलाउन सक्नेछ ।

**७. यस अघि दर्ता भई वा नभई स्थापना भएका समितिले दर्ता गर्ने:**

१. यो ऐन प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता भई वा नभई स्थापना भईरहेको समितिले पनि यो ऐन प्रारम्भ भएको मितिले ६ (छ) महिनाभित्र यो कार्याविधि बमोजिम सूचिकृत गराउनु पर्नेछ । सूचिकृत दर्ता हुनको लागि गत आ.व. सम्मको लेखा परीक्षण प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**८. समितिको उद्देश्यहरुमा हेरफेर:**

१. समितिको उद्देश्यहरमा हेरफेर गर्न आवश्यक देखेमा वा सो समितिलाई कुनै अर्को समितिमा गाभ्न उचित देखेमा सो समितिले तत् प्रस्ताव उपर छलफल गर्न समितिको विधान बमोजिम साधारणसभा बोलाउनु पर्नेछ ।

२. साधारणसभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारीत भएको मानिनेछ । तर सो प्रस्ताव लागू गर्न गाउँपालिकाको पूर्व स्वीकृत लिनु पर्नेछ ।

**९. समितिको वर्गीकरण:**

दर्ता अनुमति प्राप्त गरी गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको व्यवस्थापनबाट खानेपानी उपलब्ध

गराउने उपभोक्ता सदस्य संख्याको आधारमा निम्न अनुसारको वर्गीकरण हुनेछ ।

१. १००१ जना वा सो भन्दा बढी उपभोक्ता सदस्य भएको (क वर्ग)

२. ५०१ देखि १००० जना उपभोक्ता सदस्य भएको (ख बर्ग)

३. ५०० जना सम्मा उपभोक्ता सदस्य भएको (ग बर्ग)

**१०. तदर्थ समिति गठन गर्न सकिने:**

यस अघि दर्ता स्वीकृती प्राप्त गरी सन्चालनमा रहेका र नयाँ अनुमति प्राप्त गरी स्थापना हुने उपभोक्ता समितिहरुले तोकिए बमोजिम ६ महिना भित्र साधारण सभा गरी उपभोक्ता समिति गठन प्रकृया पूरा नगरेमा त्यस्ता तदर्थ समिति वा अबधी पूरा भएका उपभोक्ता समितिहरुलाई बिघटन गरी सँचालन नियमित गर्न गाउँपालिकाको तर्फबाट सम्बन्धित उपभोक्ता सदस्यहरु मध्येबाट तदर्थ समिति गठन गरी साधारण सभा समेतमा आवश्यक प्रकृया तथा काम कारवाही गरी गराई व्यवस्थापन गर्न सकिनेछ ।

**११. संघ गठन गर्न सकिने :**

दर्ता स्वीकृति प्राप्त गरी गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु मध्येबाट एक उपभोक्ता समितिलाई एक सदस्य मानी नगर स्तरीय खानेपानी तथा सरसफाई उपभोक्ता संघ गठन गरी सोही संघको प्रत्यक्ष रेखदेख सहयोग मातहतमा अन्य सम्पूर्ण उपभोक्ता समितिहरुलाई व्यवस्थित रुपमा संञ्चालन गरिने छ ।

**१२. हिसाबको विवरण पठाउनुपर्ने:**

उपभोक्ता समितिले आफ्नो समितिको हिसाबको बिवरण लेखा परिक्षकको प्रतिवेदन सहित प्रत्येक बर्ष गाउँपलिकामा पठाउनु पर्नेछ ।

**१३. हिसाब जाँच गर्ने:**

(१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा समितिको हिसाब आफूले नियुत्ती गरेको कुनै अधिकृतद्धारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए बापत गाउँपालिकाले हिसाब जाँचबाट देखिन आएको समितिको मौज्दात रकमको

सयकडा तीन प्रतिशतमा नबढाई आफूले निर्धारण गरेको असूल गरी लिन सक्नेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजातहरु वा प्रश्नको जवाफ दिनु समितिको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले गाउँपालिकाले तोकिएको म्याद भित्र हिसाब प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नुपर्ने छ र सो को प्रतिवेदनको आधारमा समितिको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने गाउँपालिकालाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानुन बमोजिम कारबाही चलाउन सक्नेछ ।

तर, प्रचलित कानुनले सजाय समेत हुने अपराध भएकोमा प्रचालित कानुन बमोजिम मुद्धा चलाउन सक्नेछ ।

**१४. निर्देशन दिने :**

गाउँपालिकाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

**१५. दण्ड सजाय :**

(१) यस ऐन बमोजिम समिति तथा मुल दर्ता नगरी जलश्रोतको उपयोग गरेमा त्यस्ता व्यत्तिहरुलाई गाउँपालिकाले जनही तिन हजार रुपैयाँ सम्म जरिवना गर्न सक्नेछ ।

(२) दफा १२ बमोजिम हिसाबको विवरण नपठाएमा उपभोक्ता समितिलाई गाउँपालिकाले जनही रु. ५ हजार रुपैयासम्म जरिवना गर्न सक्नेछ ।

तर, कुनै सदस्यले दफा १२ उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोषजनक प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा (१३) को उपदफा (१) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित

अधिकृतले मागेको विवरण तथा कागजपत्र वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई गाउँपालिकाले पाँच हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा (८) बमोजिम गाउँपालिकाको स्वीकृत नलिई समितिको उद्देश्यमा हेरफेर गरेमा वा अर्को समितिसँग गाभेमा वा समितिले आफ्नो उद्देश्यको प्रतिकुल हुने काम कारबाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समितिको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ ।

**१६. पुनरावेदनः**

दफा (१५) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर पौतिस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ ।

**१७. समितिको बिघटन वा त्यसको परिणामः**

(१) समितिको विधान बमोजिम कार्य संचालन गर्न नसकि वा अन्य कुनै कारण वस समिति बिघटन भएमा त्यस्तो समितिको सम्पुर्ण जायजेथा गाउँपालिकाले सार्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्वको हकमा सो समितिको जायजेथाले भ्याए सम्म त्यस्तो दायित्व गाउँपालिकाले ब्यहोर्नेछ ।

(३) समितिले आफ्नो बिधान अनुसारको तोकीएको समय अवधि भित्रमा नयाँ कार्यसमिति चयन हुन नसकेमा उक्त कार्यसमिति स्वतः विघटन भएको मानी अर्को कार्यसमिति चयन नभए सम्म समिति संचालन गाउँपालिकाले गर्नेछ ।.

**१८. नियम बनाउने अधिकारः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले नियम बनाउन सक्नेछ ।

**१९. खारेजी र बचाउः**

(१) खानेपानी तथा सरसफाई उपभोक्ता समिति ब्यवस्थापन ऐन लागु हुँन पुर्व जलस्रोत ऐन २०४९ अन्तर्गत दर्ता भएका समिति यसै कार्य विधि बमोजिम दर्ता भए सरह मानिनेछ ।

# अनुसुची १

## (ऐनको दफा ४ संग सम्बन्धीत)
## जलस्रोत समिति
## मुलदर्ता प्रमाणपत्र

मितिः....................

दर्ता नः

श्री उपभोक्ता समिति ........................................................

हरिनास गाउँपालिका, वडा नं...............

त्यस संस्थालाई ........................................स्थानको मुल (जलस्रोत) को उपयोग गर्न पाउने गरी देहायको बिवरण खोली हरिनास गाउँपालिकाको जलस्रोत उपयोग तथा व्यवस्थापन सम्बन्धी ऐन २०८० बमोजिम यो अनुमती पत्र प्रदान गरीएको छ ।

१. संस्था/ समितिको नामः

२. जलस्रोत/ मुलको उपयोगको उद्देश्यः

३. जलस्रोत/ मुलको नाम किसिम र रहेको स्थानः

४. जलस्रोत उपयोगको परिमाणः

५. जलस्रोत उपयोग गर्ने क्षेत्र, टोलः

६. जलस्रोत उपयोगको तरीकाः

७. लाभान्वित घरधुरी संख्याः

८. अनुमती पत्र बहाल रहने अवधिः

आज्ञाले;

**रामप्रसाद शर्मा**

प्रमुख प्रशासकीय अधिकृत